श्रम तथा रो.प्र.वि. दर्ता नं. २१४/२०६४/०६५

"सम्पूर्ण निजामती कर्मचारीहरु एकजुट होऔं"

# नेपाल निजामती कर्मचारी संगठन

(Nepal Government Employees' Organization)

केन्द्रीय कार्य समिति, बबरमहल, काठमाडौं

(पेशागत महासंघ नेपालसँग आबद्ध निजामती कर्मचारीहरुको राष्ट्रिय स्तरको ट्रेड युनियन)

## सूचना !

भानु जयन्ती २०८२ को सन्दर्भमा नेपाल निजामती कर्मचारी संगठन, केन्द्रीय कार्य समितिको आयोजनामा अतिरिक्त क्रियाकलाप विभागको व्यवस्थापनमा देहाय बमोजिम **"स्रष्टा सम्मान तथा उपत्यकाव्यापी कविता प्रतियोगिता"** आयोजना गरिने भएको हुँदा इच्छुक कवि, कवयित्रीहरुले आ-आफ्नो रचना मिति २०८२ आषाढ २७ गते शुक्रवार सम्म संगठन केन्द्रीय कार्य समिति, बबरमहल, काठमाडौंमा आईपुग्ने गरी वा इमेल ठेगानामा पठाउन अनुरोध गरिन्छ । तोकिएको समय सीमाभित्र प्राप्त नभएका रचना प्रतियोगितामा समावेश गरिने छैन् ।

**१. कविता, सम्बन्धी नियमहरु :**

१) उपत्यका भित्रका प्रत्येक जिल्ला/विभागीय कार्य समितिले एक जना सहभागी पठाउन सक्नेछ ।
२) कविता समसामयिक विषयवस्तुमा आधारित हुनुपर्नेछ ।
३) आफैबाट रचना भएको, अन्यत्र प्रकाशित र वाचन नभएको ३०० शब्दमा नबढाई लेखिएको, कविता हुनु पर्नेछ ।
४) रचना सामाजिक सद्भाव, राष्ट्रियतामा आँच आउने र व्यक्ति/संस्थाप्रति लक्षित हुने खालको हुनु हुदैन ।
५) रचना पठाउँदा आफ्नो नाम थर, ठेगाना र सम्पर्क नम्बर सहित इमेल ठेगानामा पठाउन सकिनेछ
६) कविता नेपाली भाषामा हुनु पर्नेछ ।
७) रचनाकारले एउटा मात्र कविता पठाउनु पर्नेछ साथै उक्त रचना वाचन गर्न स्वयम् उपस्थित हुनुपर्नेछ ।
८) छनौट भएको कविता ५ मिनेट भित्र वाचन गरी सक्नु पर्नेछ ।
९) प्रतियोगितामा प्रथम, द्धितिय र तृतीय स्थान प्राप्त गर्ने कवितालाई नगद पुरस्कार र प्रमाण पत्र प्रदान गरिने छ ।
१०) कार्यक्रममा साहित्यिक क्षेत्रमा योगदान पुऱ्याउनु भएका स्रष्टालाई सम्मान समेत गरिने छ ।

**२. कविता सम्बन्धी कार्यक्रम :**

**मिति : २०८२ आषाढ २९ गते आईतवार ।**
**समय : दिनको २:०० बजे देखि ।**
**स्थान :सडक विभागको सभाहल, बबरमहल,काठमाडौं ।**

**३. जानकारीको लागि :**

**इमेल ठेगाना :** negeocc078@gmail.com

| | | |
|---|---|---|
| उप-महासचिव श्री कमला दाहाल | : | ९८५११३५७१५ |
| कार्यालय सचिव श्री पदम बहादुर शाही | : | ९८४८३०६२३७ |
| सचिवालय सदस्य श्री विज्ञान लुइटेल | : | ९८४९६६५८६७ |
| केन्द्रीय सदस्य श्री प्रमोद खतिवडा | : | ९८५१४३०२१२ |

**पदम बहादुर शाही**
**कार्यालय सचिव**

मिति: २०८२/०३/२३